गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा, ५ नं. प्रदेश, नेपाल

वेब: www.gangadevmun.gov.np
इ-मेल: gangadevmun@gmail.com
फोन नं.: ९८२९५०९२४५

# गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोट:

## गाउँ कार्यपालिकाको मिति २०७६ जेष्ठ ३० गते सम्पन्न बैठकका प्रमुख निर्णयहरू:

मिति: २०७६/०२/३०

१. गाउँपालिकाको चालु आ.ब.को विनियोजित बजेटमा भएका बजेट शिर्षकहरू संशोधन तथा बजेट रकमान्तर गर्ने सम्बन्धमा अर्को बैठकबाट टुंग्याउने ।

२. गा.पा.मा कार्यरत सुचना प्रविधि अधिकृतको तलव भत्तामा प्राप्त LGCDP अनुदान रकम अपुग भएकोमा सो अपुग रकम गा.पा.को समानिकरण अनुदानबाट व्यहोर्ने ।

३. गा.पा. अध्यक्ष गरिबि निवारण कोष सञ्चालन कार्यविधि, २०७६ को मस्यौदा माथि छलफल अर्को बैठकमा गर्ने ।

४. यस गाउँपालिकाको वडा नं. २ सुखाओडारमा गाउँपालिका स्तरिय स्वास्थ्य सिविर राख्ने र सोकालागी सवै वडाका लाभग्राहीहरूलाइ जानकारी गराउन सवै वडा कार्यालयहरूले आवश्यक सहजिकरण गर्ने ।

५. जिल्ला खेलकुद विकास समिति रोल्पा लाई रू. २०,००० अक्षेरूपि विस हजार अनुदान स्वरूप उपलब्ध गराउने ।

६. गाउँ कार्यपालिकाको कार्यालयले योजनाको भुक्तानि दिदा फरफारक (योजनाको मर्मत सम्भार कोष कट्टि) बापतको रकम कट्टि गरि राखेकोमा सो रकम अर्को आर्थिक बर्षमा उपलब्ध गराउदा उ.स.लाइ मर्का पर्ने हुदा सो रकम सम्बन्धित उ.स.लाइ तत्काल भुक्तानि दिने र अब देखि बाँकि योजनाको भुक्तानि दिदा फरफारक बापत रकम कट्टि नगर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने ।

७. गाउँपालिका भित्रका जलस्रोत उपयोगको अनुमति दिने सम्बन्धमा निर्णय गर्न देहायको गाउपालिकास्तरिय जलस्रोत समिति गठन गर्ने ।

| सि.नं. | पदाधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री बिर बहादुर खत्रि | गाउँपालिका अध्यक्ष | संयोजक |
| २ | श्री रिता घर्ति | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३ | श्री अजमत डाँगी | वडाध्यक्ष (१ नं. वडा) | सदस्य |
| ४ | श्री भूपाल दमाई | वडाध्यक्ष (२ नं. वडा) | सदस्य |
| ५ | श्री जलेश कुमार के.सी. | वडाध्यक्ष (३ नं. वडा) | सदस्य |
| ६ | श्री राम बहादुर वली | वडाध्यक्ष (४ नं. वडा) | सदस्य |
| ७ | श्री मान बहादुर डाँगी | वडाध्यक्ष (५ नं. वडा) | सदस्य |
| ८ | श्री बीरबहादुर वली | वडाध्यक्ष (६ नं. वडा) | सदस्य |
| ९ | श्री तुलबहादुर घर्ति | वडाध्यक्ष (७ नं. वडा) | सदस्य |
| १० | श्री सिजन कुमार ओली | प्र.प्र.अधिकृत | सदस्य सचिव |

८. वडा नं. ३ हिलेचौरमा नेपाल राष्ट्रिय कृषि अनुसन्धान केन्द्र (नार्क) ले स्थापना गर्ने कृषि अनुसन्धान केन्द्रको लागी आवश्यक पर्ने पानीको व्यवस्थापनको लागि गाउँपालिकाले जिम्मा लिन प्रतवद्धता जनाउने ।

९. वडा नं. ३ मनिमारे तल्लोचौरमा ५ नं. प्रदेश सरकारको लगानिमा बन्न लागेका चिस्यान केन्द्र निर्माणको लागी गठन भएको किसानका लागी कृषक समुहलाइ गाउँपालिकासँग समन्वय गरेर र कामकाज गर्न अनुमति दिने ।

१०. विविध सम्बन्धमा: (क) गा.पा.ले खटाएको कर संकलक गोपाल ओलीलाई निजले २०७५ श्रावण महिना देखि हाल सम्म कर संकलन गरे बापत एकमुष्ट रू. पचास हजार रकम पारिश्रमिक बापत दिने र अब देखि प्रत्येक कर संकलकलाइ निजले संकलन गरेको कर रकमको २५ प्रतिसत हुन आउने रकम पारिश्रमिक बापत उपलब्ध गराउने । गाउँपालिकाको कर संकलन हुने देहायका व्यक्तिहरूलाई कर संकलनको जिम्मेवारी दिइ खटाउने ।

| सि.नं. | कर संकलन स्थान | खटाइएको व्यक्ति | पाउने पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|
| १ | पातिहाल्ने | गोपाल कुमार वली | निजबाट संकलित करको २५ प्रतिसत रकम | |
| २ | वडा नं. ३, झ्याम | धर्मराज वली | निजबाट संकलित करको २५ प्रतिसत रकम | |
| ३ | वडा नं. ७,ढनठाना | निम बहादुर पुन | निजबाट संकलित करको २५ प्रतिसत रकम | |
| ४ | वडा नं. ४,बसारेचोर | ४ नं. वडा अध्यक्षले तोके बमोजिमको व्यक्ति | निजबाट संकलित करको २५ प्रतिसत रकम | |
| ५ | वडा नं. ४,डलसिंगे | ४ नं. वडा अध्यक्षले तोके बमोजिमको व्यक्ति | निजबाट संकलित करको २५ प्रतिसत रकम | |
| ६ | वडा नं. १ त मेलडाँरी | जगत किरन डि.सि. | निजबाट संकलित करको २५ प्रतिसत रकम | |